# नेपाल पशु चिकित्सा परिषद्को
# दीर्घकालीन गुरू योजना, २०८०-२०९०

परिषद्को मिति २०८० माघ १० गतेको निर्णयबाट पारित

## नेपाल सरकार

## नेपाल पशु चिकित्सा परिषद्


### भेटेरिनरी कम्प्लेक्स, त्रिपुरेश्वर

### काठमाण्डौं, नेपाल

### पोष्ट बक्स नं २१६५५; फोन नं. ५३५९१४४, ५३६१२१०

# विषयसूची


प्राक्कथन........................................................................................................1

१. सारांश ........................................................................................................२

२. पृष्ठभूमि........................................................................................................२

२.१. पशु चिकित्सा सेवाको ऐतिहासिक विकासक्रम ........................................................२

२.२. पशु चिकित्सा सेवाको संवैधानिक व्यवस्था ..............................................................४

२.३. नेपाल पशु चिकित्सा परिषद्...................................................................................४

३. समस्या र चुनौती ............................................................................................५

४. दीर्घकालीन गुरु योजनाको औचित्य ......................................................................६

५. दीर्घकालीन गुरु योजना तर्जुमा पद्धति.....................................................................६

६. सोच (Vision), लक्ष्य (Mission) र उद्देश्यहरू (Objectives) .......................................७

७. दीर्घकालीन गुरु योजनाका मुख्य विषयवस्तुहरू ........................................................८

(१) कानून तथा नीतिगत व्यवस्थापन........................................................................८

(२) गुणस्तरीय भेटेरिनरी शिक्षाको सुनिश्चितता.............................................................९

(३) गुणस्तरीय भेटेरिनरी शिक्षाः ...........................................................................१०

(४) भेटेरिनरी जनशक्ति......................................................................................११

(५) नेपाल पशु चिकित्सा परिषद्को सुदृढीकरण ..........................................................११

(६) अनुगमन, निरीक्षण.......................................................................................१२

(७) पशु चिकित्सकको कल्याण, सम्मान र पुरस्कार .....................................................१२

(८) अन्तरपरिषद् सञ्जाल तथा भगिनी सम्बन्ध ...........................................................१२

(९) गुणस्तरीय पशु चिकित्सा सेवा ..........................................................................१३

(१०) पशु चिकित्सा अनुसन्धान व्यवस्थापन..................................................................१४

(११) विविध.......................................................................................................१४

अनुसूचीहरू.......................................................................................................१५

अनुसूची १ः परिषद्को काम, कर्तव्य र अधिकारको कार्यान्वयन स्थिति तथा प्रमुख समस्या......................१५

अनुसूची २ः परिषद्का रणनीतिक योजनाहरूको समिक्षा..........................................................२१

सन्दर्भ सामग्री.....................................................................................................२३

## प्राक्कथन

नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५ ले प्रदान गरेको काम कर्तव्य र अधिकार अनुसार यस परिषद्ले पशु चिकित्सकको परीक्षा लिई दर्ता गर्ने, दर्तावाल पशु चिकित्सकको आचारसंहिता कार्यान्वयन गर्ने, पशु चिकित्सा तथा पशुपालन विषय अध्यापन गराउने विश्वविद्यालयहरूमा परिषद्को न्यूनतम मापदण्ड कार्यान्वयन तथा नियमन गर्ने, पशु चिकित्साका विषयमा नेपाल सरकारलाई परामर्श दिने, विशेषज्ञ पशु चिकित्सकलाई दर्ता गर्ने, नैतिक अनुमोदन दिने, पशु चिकित्सा तथा पशुपालन विषयको उच्च शिक्षाको लागि पूर्व स्वीकृति प्रदान गर्ने आदि कार्यहरू सम्पादन गर्दै आइरहेको छ।

नेपालमा बढ्दो पशुपन्छी तथा मत्स्य क्षेत्रको व्यवसायीकरण, जनस्वास्थ्य सुरक्षाको लागि हस्तक्षेपकारी भूमिका र पशु चिकित्सा क्षेत्रमा भएका आधुनिक प्रविधिका विकासक्रम सँगै सरकारी, निजी र गैह्सरकारी क्षेत्रले प्रवाह गर्ने भेटेरिनरी सेवा र किसानको आवश्यकताका आयामहरू व्यापक हुदै गईरहेकाछन्। विशेष गरी क्षमतावान पशु चिकित्सकको उत्पादन, पशु चिकित्सा विषयका नविनतम् प्राविधिक र व्यवसायीक क्षेत्रका राष्ट्रिय नीति, मापदण्डहरूको तर्जुमा तथा संशोधन, गुणस्तरीय भेटेरिनरी सेवा मार्फत संविधानले सुनिश्चित गरेको गुणस्तरीय सेवा र वस्तुको उपलब्धता हुनु पर्ने उपभोक्ताको मौलिक हकलाई समेत टेवा दिन परिषद्को नियमनकारी भूमिका अझ बढ्दै गईरहेको छ। नेपालमा पशुपालन, पशु स्वास्थ्य, पशु कल्याण, जनस्वास्थ्य, पशुजन्य पद्धार्थको बजारिकरण तथा औद्योगिकरणमा समेत पशु चिकित्साकर्मीहरूको प्रमुख भूमिका रहेको छ। परिषद्को अधिकार क्षेत्रमा रहेका कार्यहरूलाई आर्थिक स्रोतको व्यवस्थापन सहित योजनावद्ध कार्यक्रम सञ्चालनको लागि नेपाल पशु चिकित्सा परिषद्ले तत्काल र दीर्घकालिन रुपमा गर्नु पर्ने कार्यहरूको सूचि निर्माण गरी आगामी १० वर्षका लागि “नेपाल पशु चिकित्सा परिषद्को दीर्घकालिन गुरुयोजना, २०८०” तयार गरेको छ। गुरुयोजनाको प्रभावकारी कार्यान्वयनमा सम्बद्ध सबै निकायहरूको सहयोगको अपेक्षा गरेका छौं।

यो गुरुयोजना तयार गर्नमा सहयोग गर्नु हुने विज्ञहरू डा. रेवतिमान श्रेष्ठ र डा. नारायण प्रसाद घिमिरेलाई विशेष आभार व्यक्त गर्न चहान्छौं। गुरुयोजना तयार गर्ने क्रममा सहयोग गर्नु हुने कृषि तथा पशुपन्छी विकास मन्त्रालय, पशु सेवा विभाग, विश्वविद्यालयहरूका पदाधिकारी तथा प्रतिनिधिहरू, विभिन्न क्षेत्रका विशेषज्ञहरू र परिषद्का पदाधिकारी र कर्मचारीहरुलाई हार्दिक धन्यबाद ज्ञापन गर्न चाहन्छौं।

डा. मनोज कुमार शाही
रजिष्ट्रार

डा. ब्रज किशोर प्रसाद शाहा
अध्यक्ष

## १. सारांश

मुलुकमा पशु पालन व्यवसाय मार्फत आय आर्जन र रोजगार प्रवर्द्धन गरी आर्थिक सामाजिक रुपान्तरण द्वारा समृद्धिमा टेवा पुराउन सकिने अवश्था रहेको छ। गुणस्तरीय पशु चिकित्सा सेवा मार्फत पशु पालन व्यवसायको गम्भीर समस्याको रुपमा रहेको पशु स्वास्थ्यका जोखिमहरूलाई हल गर्न अपरिहार्य छ। पशु चिकित्सा व्यवसायलाई प्रभावकारी बनाई वैज्ञानिक ढङ्गले परिचालन गर्न तथा पशु चिकित्सकहरूको योग्यता अनुसार नाम दर्ता गर्ने समेतको व्यवस्था गर्न नेपाल पशु चिकित्सा परिषद्को स्थापना भएको हो। पशु स्वास्थ्य तथा जनस्वास्थ्यको संरक्षण, सम्वर्द्धन र पशु अधिकारको सुनिश्चित गर्न पशु चिकित्सा क्षेत्रलाई नेपाली आवश्यकता र क्षेत्रिय तथा अन्तराष्ट्रिय स्तरमा सक्षम, सुदृढ र सवल बनाउँन पशु चिकित्सा व्यवसायले महत्वपूर्ण भूमिका खेलेको छ। नेपालको संविधानले सुनिश्चित गरेको खाद्य स्वच्छताको अधिकारलाई सुनिश्चित गर्न उपभोक्ताले सेवन गर्ने पशु तथा पशुजन्य पद्धार्थको गुणस्तरलाई कायम राख्न नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५ को दफा ९ ले दिएका काम, कर्तव्य र अधिकारको परिधि भित्र रहि र विगतमा तर्जुमा गरिएका परिषद्का रणनैतिक योजनाहरू र तिनको कार्यान्वयनलाई मध्यनजर गर्दै यो दीर्घकालीन गुरु योजनाको तर्जुमा गरिएको हो। यस गुरुयोजनामा परिषद्का अल्पकालिन ५ बर्षे र दीर्घकालीन १० बर्षे गुरुयोजनाहरू प्रस्ताव गरिएको छ।

## २. पृष्ठभूमि

नेपालमा पशुपालन क्षेत्रले कुल गार्हस्थ उत्पादनको करिब ११.५ प्रतिशत योगदान गर्दै मुलुकको अर्थतन्त्रमा महत्वपूर्ण योगदान प्रदान गरेको अवस्था छ। पशुपालन व्यवसायमा गुणस्तरीय पशु चिकित्सा सेवाको सहज उपलब्धता भएको खण्डमा दुध, मासु, अण्डा, माछा लगायतका पशुजन्य उत्पादनमा आत्मनिर्भर भई खाद्य पोषणको सुनिश्चितता गर्दै दिगो आर्थिक वृध्दि हासिल गर्न सकिने प्रशस्त सम्भावना रहेकोछ।

### २.१. पशु चिकित्सा सेवाको ऐतिहासिक विकासक्रम

नेपालमा पशुपालन व्यवसाय परम्परागत तवरबाट सञ्चालन भईरहेको भएपनि करिब एक शताब्दी अघि बाट उन्नत नश्लका पशुहरू आयात गरी यस व्यवसायलाई आधुनिक तवरले सञ्चालन गर्न थालिएको ईतिहास छ। पशुपन्छी पालन व्यवसायको अपेक्षाकृत विकास हुन नसक्नुमा ऐतिहासिक कालदेखि नै समय समयमा देखा पर्ने माहामारीहरू र कमजोर पशु चिकित्सा सेवाको भूमिका रहेको छ। नेपालमा गौगोटी माहामारीबाट पशुधनको संरक्षण गर्ने अभिप्रायले वि.सं. १९९६ सालमा काठमाण्डौको त्रिपुरेश्वरमा भेटेरिनरी डिस्पेन्सरीको स्थापना गरी सोही डिस्पेन्सरी मार्फत भेटेरिनरी एलोप्याथी चिकित्सा प्रणालिको थालनी भएको हो।

वि.सं. २०१० सालमा सिंहदरबारमा पोल्ट्री प्रोजेक्टको सुरुवात भएको, वि.सं. २०१३ सालमा प्रथम पञ्चवर्षिय योजनाले उन्नत प्रविधिको माध्यमबाट पशुपन्छी विकास गर्न पशु ऽचिकित्सालय तथा डिस्पेन्सरीहरू र नश्ल सुधारकालागि फार्महरू तथा डेरी उद्योग स्थापना गर्ने कार्यलाई योजनाबद्ध रूपमा सुरू गरेको थियो। वि.सं. २०१७ सालमा बाराको परवानीपुरमा सेन्ट्रल ह्याचरीको स्थापना भई कुखुरा पालनलाई विस्तार गरिएको र तत्पश्चात् वि.स. २०२२ सालमा खुमल्टारमा पशु विकास फार्म र हरिहरभवनमा पशु विकास तथा पशु चिकित्सा विभागको स्थापना भई संस्थागत रुपमा पशु विकासको थालनी भएको पाईन्छ। वि.सं.२०३६ सालमा साविक

कृषि विभागबाट अलग भई पशु विकास तथा पशु स्वास्थ्य विभागको स्थापना भएपछि ७५ जिल्लामा पशु विकासका कार्यक्रमहरू विस्तार भएका थिए। वि.सं. २०४८ सालमा नेपाल कृषि अनुसन्धान परिषद्‌को स्थापना भएपश्चात पशुपन्छीका विभिन्न विधाहरूमा अनुसन्धान कार्यको सुरुवात भएको हो।

वि.सं. २०४९ सालमा पशु सेवा विभागलाई कृषि विभागमा विलय गरेर पुनः पशु सेवाको सांगठनिक विकासमा संकुचन गरेको देखिन्छ। अपितु, त्यसको २ वर्ष पछि नै सेवा प्रवाहमा जटिलता भएको महशूस गरी कृषकहरूको माग अनुसार वि.सं. २०५२ श्रावण १ गतेदेखि पुनः पशु सेवा विभागलाई कृषि विकास विभागबाट अलग गरी पशु सेवाका कार्यक्रमहरू सञ्चालन भएको थियो। वि.सं. २०५५ सालमा नेपालबाट गौगोटी माहामारी उन्मुलन गर्ने सन्दर्भमा पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५, पशु बधशाला तथा मासु जाँच ऐन, २०५५ र नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५ जारी गरी नेपालको पशु चिकित्सा तथा पशुपालन क्षेत्रका नियमन तथा प्रवर्द्धन कार्यलाई महत्व दिएको देखिन्छ। नेपालमा पशु चिकित्सा क्षेत्रको सँगठनात्मक संरचना, नीति, दक्ष जनशक्ति, श्रोत, साधन, क्षमता लगायतका पक्षहरूमा समेत विध्यमान समस्यालाई समयोचित सम्बोधन गर्न र पशुपन्छी विकासका कार्यक्रमलाई थप विशिष्टिकृत गर्न नेपाल सरकारको मिति २०७२ पौष ९ गतेको निर्णयद्वारा पशुपन्छी विकास मन्त्रालय स्थापना भयो। पशुपन्छी विकास मन्त्रालय गठन हुनासाथ पशुपन्छी उत्पादनमा नेपाललाई आत्मनिर्भर बनाई क्रमशः निर्यात प्रवर्द्धन गर्ने, युवाहरूलाई पशुपन्छी क्षेत्रमा आकर्षण गरी स्वदेशमै रोजगारी सृजना गर्ने र पशुपन्छी पालनलाई व्यवसायीकरण गरी आर्थिक उन्नतीमा टेवा पुऱ्याउन नयाँ सोच र उद्देश्यका साथ कार्यक्रमहरू सञ्चालनमा आएसँगै पशु चिकित्सा व्यवसायको माग बढे पनि करिब एक वर्ष पछि सो मन्त्रालय पुनः कृषि विकास मन्त्रालय मै गाभी मौजूदा कृषि तथा पशुपन्छी विकास मन्त्रालयको स्थापना भएको हो।

साविकमा मन्त्रालय अन्तर्गत पशु सेवा विभाग र मातहतका चारवटा कार्यक्रम निर्देशनालयहरू, राष्ट्रिय पशु प्रजनन केन्द्र, राष्ट्रिय चरन तथा पशु आहारा विकास केन्द्र, पाँचवटा क्षेत्रिय पशु सेवा निर्देशनालयहरू, केन्द्रिय पशु चिकित्सालय, जैविकी उत्पादन प्रयोगशाला, पशुपन्छी विकास फार्महरू, पशु क्वारेन्टाईन कार्यालयहरू, पशुरोग अन्वेषण प्रयोगशालाहरू, ७५ जिल्लामा पशु सेवा कार्यालयहरू र १००० पशु सेवा केन्द्रहरू (२३२ वटा क र ७६८ वटा ख सेवा केन्द्र), भेटेरिनरी जनस्वास्थ्य कार्यालय, दुग्ध विकास संस्थान, राष्ट्रिय दुग्ध विकास बोर्ड र अन्तर्गतका आयोजनाहरू तथा नेपाल पशु चिकित्सा परिषद् जस्ता निकायहरूको स्थापना गरी पशु विकासको क्षेत्रमा केही संस्थागत विकासको सुरूवात भएको देखिएतापनि हाल पशु चिकित्साको क्षेत्रमा अत्यन्तै गम्भीर संकुचन हुन पुगेको छ। संघियता पश्चात वि.स. २०७५ सालमा नेपाल सरकारले स्थानिय र जिल्ला स्तरमा गरेको प्रशासनिक पुनःसंरचनामा क्रमशः ७५३ पशु सेवा शाखा र ४७ वटा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरूको मात्र व्यवस्था गरी किसानले पाउने भेटेरिनरी सेवालाई संकुचनमा पारेको देखिन्छ।

कृषि र पशुपन्छी क्षेत्रको समग्र विकासका लागि तयार पारिएका दीर्घकालीन कृषि योजना, २०५१ र राष्ट्रिय कृषि नीति, २०६१ ले पशुपन्छी क्षेत्रको विकासमा केही हदसम्म योगदान पुर्याएको भएतापनि गुणस्तरीय पशु चिकित्सा सेवाको सम्बन्धमा उल्लेख्य ध्यान पुगेको देखिँदैन। पशुपन्छी विकासका कार्यहरू मूलतः दीर्घकालीन कृषि योजना, २०५२, राष्ट्रिय कृषि नीति, २०६१, कृषि व्यवसाय प्रवर्द्धन नीति, २०६३, कृषि जैविक विविधता नीति, २०६३, दुग्ध विकास नीति, २०६४, पन्छीपालन नीति, २०६८, खर्क नीति, २०६८,

कृषि विकास रणनीति, २०७२, विभिन्न आवधिक योजनाहरू एवं पशुपन्छी विकास मन्त्रालयले २०७२।१०।१३ मा जारी गरेको ४० बुँदे प्रतिबद्धता, आर्थिक उदारीकरण, विश्व व्यापार सँगठन तथा क्षेत्रीय व्यापार सँगठनहरूमा नेपालको प्रतिबद्धता, दिगो विकासका लक्ष्यहरूबाट निर्देशित भएका पशु चिकित्सा क्षेत्रका कार्यहरू कृषि क्षेत्रकै एक इकाइको रुपमा निर्देशित भई आएको पाइन्छ। उपरोक्त नीतिहरूमा पशु चिकित्सा सेवालाई मौजुदा समस्या सम्बोधन गर्न सक्ने गरी योजनाबद्ध रूपमा क्षमता विकास हुने गरी सम्बोधन भने गरेको पाइँदैन।

## २.२. पशु चिकित्सा सेवाको संवैधानिक व्यवस्था

नेपालको संविधान, २०७२ बमोजिम पशु चिकित्सा तथा पशु विकास सम्बन्धमा तीनै तहका सरकारको एकल तथा साझा अधिकार क्षेत्रको बाँडफाँड गरिएको छ। जस अनुसार पशु क्वारेन्टाइनलाई संघ, पशु विकासको क्षेत्रलाई प्रदेश र पशु पालन, पशु स्वास्थ्य, प्रसारलाई स्थानीय तहको एकल अधिकार तोकिएको छ। पशु चिकित्सालाई संघ र प्रदेशको साझा अधिकारको क्षेत्र किटान गरिएको छ भने पशुपन्छी सहितको कृषि क्षेत्रलाई संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको क्षेत्र तोकिएको छ। नेपाल सरकारले सँविधानको अनुसूचिको कार्यविष्तृतिकरण गर्दा पशु चिकित्सा सेवालाई संघको अधिकार सूचिमा राखेको छ।

गणतन्त्रको प्रादुर्भाव भएपछि २०७५ सालमा गरिएको प्रशासनिक पुनर्संरचनाबाट पशु सेवाका ७५ जिल्लाका पशु सेवा कायार्लयहरू खारेज गरी प्रदेशस्तरीय भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको स्थापना गरिएका छन्। त्यसैगरी स्थानीयस्तरमा पशु चिकित्सा सेवा सुलभ गराएका १००० सेवा केन्द्रहरू खारेज गरेपछि हाल ७५३ स्थानीय तहमा कम्तिमा एक जना अधिकृत स्तरको दरबन्दी सहित पशु सेवा शाखाको व्यवस्था गरेको भएपनि योग्यता पुगेका पशु चिकित्सक र पशु चिकित्सा सेवा प्रदान गर्न आवश्यक संरचना तथा सेवा सुविधा नभएकाले पशुपालक किसानले गुणस्तरीय पशु चिकित्सा सेवाबाट वञ्चित हुन परेको छ। प्रदेश र स्थानीय तहमा मौजुदा जनशक्तीको सीमितताले गर्दा गुणस्तरीय पशु चिकित्सा सेवा पुर्याउन कठिन भएको छ। बर्तमान अवस्थामा संघ, प्रदेश र स्थानीय तहका पशु सेवाका निकाय र सरकारहरूबीच कुनै आदेशको श्रङ्खला नभएकाले गुणस्तरीय पशु चिकित्सा सेवाबाट पशुपालकहरू वञ्चित भएका छन् भने कमजोर पशु चिकित्सा सेवा र बढ्दो स्वास्थ्य समस्याको कारण माहामारीहरू (वर्डफ्लु, लम्पी स्किन, अफ्रिकन स्वाईन फिभर, खोरेत, रेविज, ईत्यादि) को निदान, उपचार तथा रोकथाम र समग्र पशु पालन व्यवसाय निकै जोखिमपूर्ण अवस्थामा रहेको छ। पशु चिकित्सा व्यवसायको अपेक्षाकृत रुपमा योजनाबद्ध विकास हुन नसक्नुले समग्र पशुपन्छी तथा मत्स्य पालन व्यवसाय जोखिममा परेको छ।

## २.३. नेपाल पशु चिकित्सा परिषद्

पशु चिकित्सा व्यवसायलाई प्रभावकारी बनाई व्यवस्थित गराउन, वैज्ञानिक ढङ्गले परिचालन गर्न तथा पशु चिकित्सकहरूको योग्यता अनुसार नाम दर्ता गर्ने समेतको व्यवस्था गर्न वि.सं. २०५५ सालमा नेपाल पशु चिकित्सा परिषद्को स्थापना गरिएको हो। नेपाल पशु चिकित्सा परिषद्मा नेपाल सरकारबाट मनोनित एक जना अध्यक्ष र दुई जना सदस्यहरू, दर्तावाल पशु चिकित्सकहरू मध्येबाट निर्वाचित दुई जना उपाध्यक्षहरू एवं पाँच जना सदस्यहरू र नेपाल भेटेरिनरी ऐशोसिऐसनका अध्यक्ष एक जना पदेन सदस्य सहित जम्मा ११ जना

दर्तावाल पशु चिकित्सकहरू पदाधिकारी रहने परिषद्को गठन हुने प्रावधान रहेको छ। परिषद्को प्रशासनिक प्रमुखको रुपमा नेपाल सरकारबाट "क" श्रेणीको एकजना दर्तावाल पशु चिकित्सकलाई रजिष्ट्रारको पदमा नियुक्त गर्ने प्रावधान रहेको छ। नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५ को दफा ९ मा गुणस्तरीय पशु चिकित्सा सेवा प्रदान गर्नका निम्ति नेपाल सरकारलाई परामर्श दिने, पशु चिकित्सकको योग्यता निर्धारण गरी दर्ता र नियमन गर्ने, भेटेरिनरी शिक्षण सँस्थाको न्यूनतम मापदण्ड निर्धारण गरी गुणस्तरिय शिक्षा र दक्ष जनशक्तिको सुनिश्चित गर्ने लगायतका परिषद्को काम, कर्तव्य र अधिकारको व्यवस्था गरेको छ। नेपाल पशु चिकित्सा परिषद्का काम, कर्तव्य एवं अधिकार र तिनको कार्यान्वयन स्थिति तथा प्रमुख समस्याहरू अनुसूची १ मा उल्लेख गरिएको छ।

विश्व पशु स्वास्थ्य सँगठनका अनुसार पशु चिकित्सा परिषद् एक अविच्छिन्न उत्तराधिकारवाला स्वशासित भेटरिनरी व्यवसायको नियमनकारी निकाय हो जसका प्रमुख कार्यहरू निम्नानुसार छन्

(१) पशु चिकित्सक र भेटेरिनिरी पाराप्रोफेस्नललाई दर्ता गरेर र/वा इजाजत पत्र मार्फत नियमन गर्ने।

(२) भेटेरिनरी शिक्षण संस्थाको न्यूनतम मापदण्ड तर्जुमा र कार्यान्वयन गरी भेटेरिनरी शिक्षा (निरन्तर शिक्षा समेत) को गुणस्तर निर्धारण र नियमन गर्ने र

(३) भेटेरिनरीयन र भेटेरिनरी पाराप्रोफेसनलहरूको व्यवसायिक आचारसंहिता निर्धारण र नियमन गर्ने।

नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५ ले केवल दर्तावाल पशु चिकित्सकलाई मात्र दर्ता र नियमन गर्ने व्यवस्था गरेको छ। यस ऐनलाई विश्व पशु स्वास्थ्य सँगठनको मापदण्ड र नेपालको संविधानको मर्म र भावना अनुरुप अध्यावधिक गरी गुणस्तरीय पशु चिकित्सा सेवाको सुनिश्चितता र सहज उपलब्धता हुनपर्ने महसुस गरिएको छ। पशु चिकित्सक बाहेकका अन्य पशु चिकित्सा पेशामा संलग्न जनशक्तिलाई दर्ता तथा नियमन गर्न पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद् ऐन, २०७९ जारी गरिएको छ।

## ३. समस्या र चुनौती

नेपालमा दूध, मासु, अण्डा र माछाको उत्पादन एवं उत्पादकत्व छिमेकी मुलुकको तुलनामा न्यून हुनु र उत्पादन लागत अधिक हुने धेरै कारणमध्ये देशमा उन्नत नश्लका पशुपन्छीहरूको संख्यामा कमी, पशु आहारा बनाउने कच्चा पद्धार्थको अभाव, पशु औषधिका कच्चा पद्धार्थमा परनिर्भरता, आयातित पशु उत्पादन सामग्रीको गुणस्तर एवं बारम्बार देखापरिरहने महामारीहरू, बाह्रै महिना देखा पर्ने रोगहरू, लगायतका अन्य धेरै कारण भएतापनि मुलुकमा गुणस्तरीय पशु चिकित्सा सेवाको उपलब्धता नहुनु नै प्रमुख कारण मानिएको छ। वर्तमान अवस्थामा गुणस्तरीय पशु चिकित्सा सेवाको सर्वसुलभता नभएको र भेटेरिनरी निरीक्षण, परीक्षण, प्रमाणीकरण तथा भेटेरिनरी नियन्त्रण प्रभावकारी हुन नसकेकोले उपभोक्ताले गुणस्तरीय पशुजन्य पद्धार्थहरू पाउन सकिरहेका छैनन्। सरकारले घोषणा गरेको अनुदान नीति, सुलभ ऋण र पशु बीमा कार्यक्रम पनि झन्झटिलो एवं निस्प्रभावी देखीएको छ। मौजुदा पशु चिकित्सा सेवाको सँगठनात्मक संरचनामा आदेशको श्रींखला कायम हुन सकिरहेको छैन। नेपालमा एका तिर प्रयाप्त पशु चिकित्सकको उत्पादन नहुदा भेटेरिनरी सेवा सञ्चालनमा समस्या उत्पन्न भएको छ। पछिल्ला वर्षहरुमा उच्च शिक्षा वा रोजगारीको लागि विदेशिने पशु चिकित्सकहरुको सँख्यामा पनि उल्लेख्य वृद्धि भईरहेको छ। यसै सन्दर्भमा स्वास्थ्य सेवामा कार्यरत चिकित्सक (मेडिकल, युनानी, आयुर्वेद र डेन्टिष्ट) हरुलाई सरकारी सेवाको ८ औ तहमा प्रवेश गर्ने व्यवस्था भए पनि पशु चिकित्सकहरुलाई संघ, प्रदेश

र स्थानिय तहमा छैटौ वा सातौ तहमा सेवा प्रवेश गराउने विभेदपूर्ण व्यवस्थाहरुले गर्दा सरकारी सेवामा पशु चिकित्सकहरुको आकर्षण कम भई खुलाएका विज्ञापनहरुमा आवेदनहरु परिरहेको छैन।

## ४. दीर्घकालीन गुरु योजनाको औचित्य

गुणस्तरीय पशु चिकित्सा सेवा सर्वसुलभ र किसानको पहुँचमा नभएको कारण पशु स्वास्थ्यमा समस्या सृजना भई पशुपन्छीको उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गरी मुलुकको समृद्धिमा टेवा पुराउने कार्यमा वाधा परिरहेको छ। जस्को प्रत्यक्ष प्रभाव वातावरण र जनस्वास्थ्यमा समेत देखा परिरहेको छ।

वर्तमान अवस्थामा पशु चिकित्सा क्षेत्रको गुरू योजना तयार गरि लागु हुन नितान्त आवश्यक भएको महसुस गरिएको छ। यस परिषद्ले गुरू योजनाको अभावमा अपेक्षित लक्ष्य हासिल गर्न कठिनाइ परेको तथ्यलाई मनन् गरी पशु चिकित्सा सेवालाई गुणस्तरीय बनाउन, नियमन गर्न र समय सापेक्ष विकास गर्न गुरु योजनाको आवश्यकता महसुस गरिएको छ। देशमा पशुजन्य पद्धार्थहरूको उत्पादन तथा उत्पादकत्व बढाई आत्मनिर्भर बन्दै पशु स्वास्थ्य, जनस्वास्थ्य तथा वातावरणीय स्वास्थ्य संरक्षण गर्दै क्रमशः आयात प्रतिस्थापन र निर्यात प्रबर्धन गर्नका लागि स्थानीय तहबाट पशु पालक, उद्यमी, व्यवसायी, समुदाय र सहकारीलाई गुणस्तरीय पशु चिकित्सा सेवा सुलभ गराउन तथा पशुपालनलाई रोजगारी र अन्य आयआर्जनको माध्यम बनाउँदै खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुता हासिल गर्न र समष्टिगत रुपमा पशु सेवा क्षेत्रलाई समेट्ने गरी दिगो पशुपन्छी विकासद्वारा मुलुकलाई समृद्ध बनाउने कार्यमा सहयोग गर्नको लागि नेपाल पशु चिकित्सा परिषद्को गुरू योजनाको आवश्यकता महसुस गरी तयार गरिएको छ।

## ५. दीर्घकालीन गुरु योजना तर्जुमा पद्धति

परिषद्को दीर्घकालीन गुरु योजनाको मस्यौदा तर्जुमा गर्न निम्नानुसारको कार्यविधि अबलम्बन गरिएको थियो

(१) विज्ञ टोलिले कार्य योजना )इन्सेप्सन रिपोर्ट( तर्जुमा गरी परिषद्का सम्बन्धित समितिबाट स्वीकृति लिएर मस्यौदा लेखन प्रारम्भ गरिएको।

(२) मस्यौदा लेखन गर्दा (क) विश्व पशु स्वास्थ्य सँगठनको मापदण्डका साथै भेटेरिनरी नियमनकारी निकायको कार्यक्षेत्र, काम, कर्तव्य तथा अधिकार, (ख) नेपाल पशु चिकित्सा परिषद्ले कार्यान्वयन गरेका विगतका रणनैतिक योजना (अनुसूची २) र (ग) मौजुदा कानुनी अधिकार क्षेत्रलाई आधार लिइएको।

(३) डेस्कटप अध्ययन, अनुसन्धान, प्रकाशनको समिक्षा, परिषद्सँग सम्बन्धित स्वदेशी तथा विदेशी विशेषज्ञ तथा निकायहरूसँग परामर्श र विभिन्न विज्ञहरू सँगका बैठकका सुझाव सङ्कलन गरी मस्यौदा लेखन कार्य सम्पन्न गरिएको।

(४) परिषद्का विगत रणनैतीक योजनाहरूको कार्यान्वयन स्थितिको समिक्षा गरी प्राप्त उपलब्धि, सम्पन्न गर्न बाँकी रहेका कार्यहरू र कमी कमजोरी तथा अनुभवहरूलाई प्रस्तावित योजनामा सम्बोधन गरिएको।

(५) सम्बन्धित सरोकारवाला विज्ञहरूलाई प्रश्नावली (अनुसूची ३) पठाई अवधारणा सङ्कलन र सर्भेक्षण गरिएको।

(६) परिषद्को पूर्वाधार, स्रोत साधन, जनशक्ति, कानून समेतका पक्षहरूको समिक्षा गरिएको।

(७) छलफल तथा परामर्शमा सहभागी निकायहरूः

- शिक्षण संस्थाः त्रिभुवन विश्वविद्यालयको कृषि तथा पशु विज्ञान अध्ययन संस्थान, कृषि तथा वन विज्ञान विश्वविद्यालयको पशु विज्ञान, पशु चिकित्सा तथा मत्स्य विज्ञान संकाय, हिमालयन कलेज अफ एग्रिकल्चरल साइन्सेज एण्ड टेक्नोलोजी, नेपाल पोलिटेक्निक इन्स्टिटच्यूट, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्का प्रमुख तथा पदाधिकारीहरू
- पशु सेवा विभाग, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, नेपाल कृषि अनुसन्धान परिषद्।
- नेपाल मेडिकल काउन्सिल, नेपाल स्वास्थ्य व्यवसायी परिषद्, नेपाल नर्सिङ्ग परिषद्।
- नेपाल पशु चिकित्सा परिषद्।

(८) सूचना संकलन र विश्लेषण

## ६. सोच (Vision), लक्ष्य (Mission) र उद्देश्यहरू (Objectives)

### सोँच (Vision)

समुन्नत तथा समाजबाद उन्मुख राष्ट्रिय अर्थतन्त्र निर्माणका लागि गुणस्तरीय पशु चिकित्सा सेवा सर्व सुलभ गराउँदै पशुपन्छी क्षेत्रको दिगो विकास र पशु कल्याण मार्फत खाद्य सुरक्षा र जनस्वास्थ्य संरक्षण गर्ने।

### दूरदृष्टि (Mission)

गुणस्तरीय पशु चिकित्सा सेवा मार्फत सामाजिक न्याय र लोककल्याणकारी राज्य हुँदै मध्यम आय भएको मुलुकमा पुग्न दिगो पशुपन्छीजन्य उत्पादनका माध्यमले मुलुकलाई खाद्य तथा पोषणमा आत्मनिर्भर, जनस्वास्थ्य तथा वातावरणीय स्वास्थ्य संरक्षण, विश्व व्यापारको माध्यबाट रोग सर्न नपाउने व्यवस्था बनाई उच्च आर्थिक वृद्धि दर हासिल गर्ने।

### उद्देश्यहरू (Objectives)

माथि उल्लेखित दीर्घकालीन सोच र लक्ष्य प्राप्तिका लागि यो नीतिले निम्न उद्देश्य लिएको छ।

(१) भेटेरिनरी शिक्षा (निरन्तर शिक्षा समेत) को गुणस्तर निर्धारण र नियमन गरी सक्षम पशु चिकित्सक उत्पादन गर्ने।

(२) पशु चिकित्सकको योग्यता अनुसार दर्ता र व्यवसायिक आचारसंहिताको नियमन गरी गुणस्तरीय पशु चिकित्सा सेवा सुनिश्चित गर्ने।

(३) गुणस्तरीय पशु चिकित्सकहरूद्वारा पशुपन्छी, मानिस तथा वातावरणीय स्वास्थ्य संरक्षण गर्न सघाउने।

(४) पशु चिकित्सा तथा पशु पालन क्षेत्रको वैज्ञानिक विकास तथा सवलिकरणका लागि नेपाल सरकारलाई कानूनी तथा प्राविधिक सुझाव दिने।

## ७. दीर्घकालीन गुरु योजनाका मुख्य विषयवस्तुहरू

### (१) कानून तथा नीतिगत व्यवस्थापन

| रणनीतिहरू | तत्कालीन र रणनीति (५ वर्ष भित्र सम्पन्न गर्नु पर्ने) | दीर्घकालीन रणनीति (१० वर्ष भित्र सम्पन्न गर्नु पर्ने) |
|---|---|---|
| (क) नेपाल पशु चिकित्सा परिषद्का कानून र कार्यान्वयन अवस्थाको ग्याप एनालाइसिस (Gap Analysis) गर्ने। | • परिषद्का ऐन, नियम, विनियम तथा मापदण्डहरू अन्तराष्ट्रिय मापदण्ड अनुरुप तर्जुमा र कार्यान्वयन भए नभएको सन्दर्भमा स्वमूल्याङ्कन वा पि.भि. यस ग्याप एनालाईसिस गर्ने गराउने।<br>• ग्याप एनालाइसिसको आधारमा मौजूदा ऐन, नियम, विनियम तथा मापदण्डहरूको कार्यान्वयन गर्ने गराउने। | • विश्व पशु स्वास्थ्य सँगठन (OIE/WOAH) को मापदण्ड अनुरूपको कानून तर्जुमा र कार्यान्वयन गर्ने गराउने। |
| (ख) नेपाल पशु चिकित्सा परिषद्का ऐन, २०५५, परिमार्जन गर्ने। | • ने.प.चि.प. ऐन, २०५५ संशोधन गर्न बनेको विधेयकको पुनरावलोकन गरी पशु चिकित्सा व्यवसायको परिभाषा, क्षेत्राधिकार, दर्तावाल पशु चिकित्सकको योग्यता निर्धारण प्रक्रिया (नाम दर्ता परिक्षा), आचारसंहिता नियमन, भेटेरिनरी शिक्षाको मापदण्ड निर्धारण र नियमन, लगायतका विषयहरू अन्तराष्ट्रिय मापदण्ड अनुरुप संशोधन हुने गरी मस्यौदा तर्जुमा गरी ऐन संशोधनको लागि पेश गर्ने। | • विश्व पशु स्वास्थ्य सँगठन (OIE/WOAH) को मापदण्ड अनुरूपको कानून तर्जुमा र कार्यान्वयन गर्ने गराउने। |
| (ग) नेपाल पशु चिकित्सा परिषद्का नियमावली तथा मापदण्डहरू परिमार्जन गर्ने। | ने.प.चि.प. नियमावलीहरूको संशोधन मस्यौदा तर्जुमा गरी पेश गर्नेः<br>• ने.प.चि.प. नियमावली, २०५७<br>• ने.प.चि.प. न्यूनतम मापदण्ड नियमावली, २०६३<br>• पशु चिकित्सा व्यवसाय सम्बन्धी कसुरको अनुसन्धान, तहकिकात तथा मुद्दा चलाउने कार्यविधि, २०६२<br>• परिषद्का मापदण्डहरू अध्यावधिक गर्ने। | • विश्व पशु स्वास्थ्य सँगठन (OIE/WOAH) को मापदण्ड अनुरूपको कानून तर्जुमा र कार्यान्वयन गर्ने गराउने।<br>• ऐन, नियम र मापदण्डहरूको प्रभावकारी कार्यान्वयन गर्ने गराउने। |
| (घ) नेपाल पशु चिकित्सा परिषद् ऐनसँग बाझिएका कानूनहरू संशोधन गर्ने। | परिषद् ऐनसँग बाझिएका कानूनहरूः<br>• नेपाल कृषि सेवा समूह गठन तथा सञ्चालन नियमावली, २०५१<br>• निजामती सेवा नियमावलीः तहगत समकक्षता निर्धारण।<br>• औषधि ऐन, २०३५ प्रेस्कृप्सन सम्बन्धी व्यवस्था<br>• दाना पद्धार्थ ऐन, २०३३ र नियमावली, २०४१<br>• जिवनासक विषादी व्यवस्थापन ऐन, २०७६<br>• राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ | • विश्व पशु स्वास्थ्य सँगठनको मापदण्ड अनुरूपको कानून तर्जुमा गरी कार्यान्वयन गर्ने गराउने। |

| रणनीतिहरू | तत्कालीन र रणनीति (५ वर्ष भित्र सम्पन्न गर्नु पर्ने) | दीर्घकालीन रणनीति (१० वर्ष भित्र सम्पन्न गर्नु पर्ने) |
|---|---|---|
| | • जलचर संरक्षण ऐन, २०१७ | |
| (ङ) कानून तर्जुमा गर्ने। | • भेटेरिनरी औषधि ऐन<br>• पशु कल्याण ऐन<br>• संक्रामक रोग नियन्त्रण ऐन<br>• भेटेरिनरी जनस्वास्थ्य ऐन | विश्व पशु स्वास्थ्य सँगठनको मापदण्ड अनुरूपको कानून तर्जुमा गरी कार्यान्वयन गर्ने। |
| **(२) गुणस्तरीय भेटेरिनरी शिक्षाको सुनिश्चितता** | | |
| (क) भेटेरिनरी शिक्षाका मापदण्डहरू परिमार्जन गरी प्रभावकारी कायान्र्वयन गरी गराई गुणस्तरीय शिक्षा र सक्षम दक्ष जनशक्ति उत्पादनको सुनिश्चित गर्ने। | • पशु चिकित्सा तथा पशु पालन स्नातक तह (B.V.Sc.&A.H.) को लागि दक्षिण एशियाली मुलुक सरहको न्यूनतम मापदण्ड कायम गर्ने।<br>• सबै भेटेरिनरी शिक्षण संस्थाहरूले तोकिएको समय भित्र न्यूनतम मापदण्ड पुरा गर्न गराउन सहजीकरण गर्ने।<br>• न्यूनतम मापदण्ड पुरा गर्ने शिक्षण संस्थालाई मात्र मान्यता दिने।<br>• नयाँ भेटेरिनरी शिक्षण संस्था स्थापना गर्नु पूर्व न्यूनतम मापदण्ड पुरा गरेको हुनु पर्ने। | • भेटेरिनरी स्नातकोत्तर तथा विद्यावारिधि तहको न्यूनतम मापदण्ड तर्जुमा गरी लागू गर्ने।<br>• हरेक ५ वर्षमा अध्यावधिक गर्दै OIE मापदण्ड अनुरूपको न्यूनतम मापदण्ड कायम गर्ने।<br>• न्यूनतम मापदण्ड पुरा नगर्ने शिक्षण संस्थाको मान्यता खारेज गर्ने। |
| (ख) परिषद्ले भेटेरिनरी शिक्षण संस्थामा सबै तहको लागि एकीकृत प्रवेश परीक्षा सञ्चालन गर्ने। | • शिक्षण संस्थाले सञ्चालन गर्ने प्रवेश परीक्षाको नियमन गर्ने।<br>• एकीकृत प्रवेश परीक्षाको लागि पूवार्धार तयार गरी स्नातक तहको एकीकृत प्रवेश परीक्षा सञ्चालन गर्ने। | • परिषद्ले स्नातक, स्नातकोत्तर र विद्यावारिधि तहको लागि एकीकृत प्रवेश परीक्षा सञ्चालन गर्ने। |
| (ग) ईन्टर्नशिप नियमन | • विद्यमान भेटेरिनरी इनटर्नशिपको मापदण्डलाई समय सापेक्ष परीमार्जन र प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गराउने। | • ईन्टरनशिपको मापदण्डलाई समय सापेक्ष परीमार्जन र परिषद्को निरन्तर स्थलगत अनुगमन सहित प्रभावकारी रुपमा कार्यान्वयन गरी गराई शैक्षिक गुणस्तर सुनिश्चित गर्ने गराउने। |
| (घ) सातै प्रदेशमा सरकारी भेटेरिनरी कलेज सञ्चालन गर्ने। | • सातै प्रदेशमा कम्तिमा एक सरकारी भेटेरिनरी कलेज स्थापनाको लागि पूर्वाधारको तयारी गर्न नेपाल सरकारको सम्बन्धित मन्त्रालयलाई सिफारिस र पूर्वाधार तयारी गर्न सहजीकरण गर्ने। | • सातै प्रदेशमा कम्तिमा एक सरकारी भेटेरिनरी कलेज स्थापना र सञ्चालन गर्न नेपाल सरकारलाई सहजीकरण गर्ने। |
| (ङ) भेटेरिनरी विश्वविद्यालयको स्थापना गर्ने। | • नेपालमा एक भेटेरिनरी विश्वविद्यालय स्थापनाको लागि पूर्वाधार तयार गर्न नेपाल सरकारको | • नेपालमा एक भेटेरिनरी विश्वविद्यालय स्थापना तथा सञ्चालन गर्न सहजीकरण गर्ने। |

| रणनीतिहरू | तत्कालीन र रणनीति (५ वर्ष भित्र सम्पन्न गर्नु पर्ने) | दीर्घकालीन रणनीति (१० वर्ष भित्र सम्पन्न गर्नु पर्ने) |
|---|---|---|
| | सम्बन्धित निकायलाई सिफारिस तथा सहजीकरण गर्ने। | |
| (च) अन्तर विश्वविद्यालय भगिनी (twining) सम्बन्ध विकास गर्ने | • SAARC स्तरिय अन्तर विश्वविद्यालय भगिनी (twining) सम्बन्ध विकास गर्न सहजीकरण गर्ने। | • अन्तरदेशीय विश्वविद्यालय भगिनी (twining) सम्बन्ध विकास गर्ने। |
| **(३) गुणस्तरीय भेटेरिनरी शिक्षाः**<br>दर्तावाल पशु चिकित्सकको क्षमता विकास गरी गुणस्तरीय पशु चिकित्सा सेवाको सुनिश्चितताका लागि निरन्तर भेटेरिनरी शिक्षा कार्यक्रम सञ्चालन र संस्थागत विकास गर्ने। | | |
| (क) निरन्तर शिक्षा कार्यक्रम सञ्चालन र संस्थागत विकास गर्ने। | • निरन्तर शिक्षाका क्षेत्र र विषयको अध्ययन, अनुसन्धान र पहिचान (ग्याप एनालाईसिस) गर्ने।<br>• भेटेरिनरी निरन्तर शिक्षाको ग्याप एनालाईसिसको आधारमा आवश्यक पूर्वाधार तयार गर्ने।<br>• निरन्तर शिक्षाको लागि आवश्यक स्रोत तथा सहकार्यका क्षेत्रको पहिचान गर्ने। | • निरन्तर शिक्षालाई वृत्ति विकास र विशेषज्ञतासँग आबद्ध र अनिवार्य गर्ने।<br>• निरन्तर शिक्षालाई वृत्ति विकास र विशेषज्ञतासँग आबद्ध र अनिवार्य गर्न गराउन सम्बन्धित निकायसँग समन्वय गर्ने।<br>• विशेषज्ञ पशु चिकित्सकको लागि अत्याधुनिक प्रविधिको अवसर सुनिश्चित गर्ने। |
| | • सबै दर्तावाल पशु चिकित्सकलाई निरन्तर शिक्षा कार्यक्रमको अवसर प्रदान गर्ने। | |
| | • परिषद्ले निर्धारण गरेको विषयमा निरन्तर शिक्षा कार्यक्रम सञ्चालन गर्ने। | • निरन्तर शिक्षाको लागि परिषद् अन्तरगत छुट्टै संस्थागत निकायको विकास गर्ने। |

| रणनीतिहरू | तत्कालीन र रणनीति (५ वर्ष भित्र सम्पन्न गर्नु पर्ने) | दीर्घकालीन रणनीति (१० वर्ष भित्र सम्पन्न गर्नु पर्ने) |
|---|---|---|
| **(४) भेटेरिनरी जनशक्ति** | | |
| (क) भेटेरिनरी जनशक्तिको अन्तर विश्लेषण (Gap Analysis) गरी क्षेत्रगत रूपमा प्रक्षेपण, आपूर्ती र व्यवस्थापन योजना तयार गर्ने। | • सरकारी क्षेत्रका संघ, प्रदेश र स्थानीय तहको सरकारी, निजि तथा गैह्रसरकारी क्षेत्रले सञ्चालन गर्ने भेटेरिनरी क्षेत्रका विविध कार्यका लागि आवश्यक सामान्य पशु चिकित्सा, विशेषज्ञ पशु चिकित्सा, अनुसन्धान, शिक्षण संस्थाहरू, प्रविधि प्रसार, जनस्वास्थ्य, खाद्य सुरक्षा र खाद्य स्वच्छता, माहामारी लगायतका विविध पक्षको लागि आवश्यक भेटेरिनरी जनशक्तिको अन्तर विश्लेषण (Gap Analysis)गर्ने।<br>• भेटेरिनरी जनशक्तिको अन्तर विश्लेषण (Gap Analysis) आधारमा आपूर्तीको योजना तयार गरी गराई कार्यान्वयनको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने।<br>• विभिन्न क्षेत्रमा पशु चिकित्सा सेवामा संलग्न दर्तावाल पशु चिकित्सकहरूको व्यवसायिक आचारसंहिताको प्रभावकारी अनुगमन गर्ने।<br>• नेपालमा भेटेरिनरी सेवा सञ्चालनको लागि जनशक्ती प्रक्षेपण अध्ययन प्रतिवेदनको सिफारिस कार्यान्वयन गर्न नेपाल सरकारलाई सिफारिस गर्ने। | • संघ, प्रदेश र स्थानीय तहमा विभिन्न क्षेत्रको लागि आवश्यक भेटेरिनरी जनशक्तिको अन्तर विश्लेषण (Gap Analysis) को आधारमा जनशक्ति आपूर्ती योजना कार्यान्वयन गर्न गराउन सहजीकरण गर्ने।<br>• ब्रेनड्रेन रोक्न योजना तर्जुमा गरी गराई कार्यान्वयन गर्न गराउन सहजीकरण गर्ने।<br>• कम्तिमा दक्षिण एसियाली मुलुकहरूले अवलम्बन गरेको नीति अनुरुप पशु इकाइको आधारमा नेपालमा पनि आवश्यक भेटेरिनरीयनहरूको संख्या व्यवस्था गर्न गराउन सम्बन्धित निकायलाई सिफारिस र सहजीकरण गर्ने। |
| (ख) पशु चिकित्सक | • कम्तिमा एक स्थानीय तह एक दर्तावाल पशु चिकित्सक व्यवस्था गर्न सहजीकरण गर्ने। | • कम्तिमा एक स्थानिय तह एक दर्तावाल पशु चिकित्सकको व्यवस्था गर्न सहजीकरण गर्ने। |
| (ग) विशेषज्ञ पशु चिकित्सक | • संघीय र प्रादेशिक निकायहरूमा विशेषज्ञ सेवा व्यवस्था गर्न सहजीकरण गर्ने। | • हरेक जिल्लामा कम्तिमा एक विशेषज्ञ सेवा सहितको भेटेरिनरी सेवा प्रदान हुने गरी जनशक्तीको गुणस्तरीय उत्पादन र नीति निर्माणमा सहयोग गर्ने। |
| (घ) मासु निरीक्षक, सुपरीवेक्षक | • कम्तिमा प्रादेशीक सदरमुकामहरू , महानगरपालिहरू तथा उपमहानगरपालिकाहरूमा मासु निरीक्षक उपलब्ध गराउन सहजीकरण गर्ने। | • कम्तिमा हरेक नगरपालिकामा मासु निरीक्षक उपलब्ध गराउन सहजीकरण गर्ने। |
| **(५) नेपाल पशु चिकित्सा परिषद्को सुदृढीकरण** | | |
| (क) परिषद्को संगठनात्मक व्यवस्थापन | • परिषद्को प्रादेशिक संगठनको पूर्वाधार तयार गर्ने। | • प्रदेश तहसम्म प्रादेशिक परिषद्को स्थापना गर्ने। |

| रणनीतिहरू | तत्कालीन र रणनीति (५ वर्ष भित्र सम्पन्न गर्नु पर्ने) | दीर्घकालीन रणनीति (१० वर्ष भित्र सम्पन्न गर्नु पर्ने) |
|---|---|---|
| | | • जिल्ला र स्थानीय तहमा आवश्यकता अनुसार अधिकार प्रत्यायोजन गरी जिम्मेवारी तोक्ने। |
| | • परिषद्को क्षमता विकास गर्दै जाने।<br>• परिषद्ले अन्तर्राष्ट्रिय सेमिनार, गोष्ठीहरूमा निर्वाध रुपमा सहभागि हुने व्यवस्था सुनिश्चित गर्न मन्त्रालयमा निरन्तर पहल गर्ने। | • परिषद्को क्षमता (आर्थिक, प्रशासनिक, प्राविधिक, कानूनी) विकास गर्ने। |
| (ख) आयस्रोत व्यवस्थापन | • शुल्क वृध्दि, सहकार्यको क्षेत्र पहिचान र निरन्तर शिक्षा सञ्चालन गर्ने। | • आर्थिक रूपमा आत्मनिर्भर हुने। |
| (ग) डिजिटाइजेसन | • परिषदले प्रदान गर्दै आइरहेका सम्पूर्ण सेवाहरूलाई अनलाईनमा प्रदान गरी सबै तथ्याङ्कहरूलाई डिजिटाइजेसनका लागि आवश्यक पूर्वाधार तयारी गर्दै २ वर्ष भित्र परिषदलाई डिजिटाइजेसन गर्ने। | • नेपाल विद्युतीय कारोबार ऐन, २०६३ अनुरूप परिषद्का सम्पूर्ण कार्यहरूको डिजिटीकरण गर्ने। |
| **(६) अनुगमन, निरीक्षण** | | |
| बिशेषज्ञ समितिबाट निरीक्षण, अनुगमन तथा छानविन गराउने। | • सम्बन्धित विषयका बिशेषज्ञहरूको समिति गठन गर्न नीतिगत व्यवस्था गर्ने।<br>• बिशेषज्ञ समितिबाट निरीक्षण, अनुगमन तथा छानविन लगायतका कार्य गर्ने गराउने। | • विषय बिशेषज्ञहरूको समिति गठन गरी शिक्षण संस्था, आचार संहिता, उजुरी लगायतका छानविन र अनुगमन गर्ने गराउने। |
| **(७) पशु चिकित्सकको कल्याण, सम्मान र पुरस्कार** | | |
| (क) कल्याण कोष स्थापना र व्यवस्थापन | • कल्याण कोषको स्थापना, सञ्चालन र व्यवस्थापन गर्ने गराउने। | • कल्याण कोषको निरन्तरता कायम राख्ने। |
| (ख) कानूनी सहयोग | • दर्तावाल पशु चिकित्सकलाई आवश्यकता अनुसार कानूनी परामर्श सेवा उपलब्ध गराउने। | • सेवा निरन्तर कायम राख्ने। |
| (ग) विशेषज्ञताको सदुपयोग | • दर्तावाल पशु चिकित्सकको अनुभव र विशेषज्ञताको उपयोग गर्ने। | |
| (घ) सम्मान र पुरस्कार | • दर्तावाल पशु चिकित्सकलाई सम्मान र पुरस्कार गर्ने कार्यविधि तयार गरी कार्यान्वयन गर्ने । | |
| **(८) अन्तरपरिषद् सञ्जाल तथा भगिनी सम्बन्ध** | | |
| (क) स्वदेशी प्राविधिक परिषद्हरूसँग समन्वय र सञ्जाल स्थापना गर्ने | • स्वदेशी प्राविधिक परिषद्हरूसँग समन्वय र सञ्जाल निर्माण गर्ने कार्यविधि तर्जुमा गर्ने। | • स्वदेशी प्राविधिक परिषद्हरूसँग समन्वय र सञ्जाल निर्माण र सहकार्य गर्ने। |

| रणनीतिहरू | तत्कालीन र रणनीति (५ वर्ष भित्र सम्पन्न गर्नु पर्ने) | दीर्घकालीन रणनीति (१० वर्ष भित्र सम्पन्न गर्नु पर्ने) |
|---|---|---|
| (ख) SAARC Veterinary Council स्थापना गर्ने। | • SAARC Veterinary Council गठन गर्न पूर्वाधार तयारी र सरोकारवालासँग समन्वय गर्ने। | • दक्षिण एशियाली अन्तरपरिषद् सञ्जाल गठन र परिचालन स्थापना गर्ने। |
| (ग)अन्तरदेशीय अन्तरपरिषद् भगिनी सम्बन्ध स्तरोन्नती गर्ने | • कम्तिमा दक्षिण एशियाली मुलुकहरू सरहको पूर्वाधार भएको परिषद्को विकास गर्ने। | • अन्तराष्ट्रिय स्तरको अन्तरपरिषद् भगिनी सम्बन्धको विकास गर्ने। |
| **(९) गुणस्तरीय पशु चिकित्सा सेवा** | | |
| (क) पशु चिकित्सा सेवाको गुणस्तर कायम गर्न मापदण्ड तर्जुमा गरी लागू गर्ने। | • पशु चिकित्सा सेवा र तत्सम्बन्धी प्रणाली सुव्यवस्थित, स्तरिय, मर्यादापूर्ण र प्रभावकारी भए नभएको बारेमा अध्ययन अनुसन्धान गर्ने गराउने।<br>• गुणस्तरीय पशु चिकित्सा सेवाको लागि आवश्यक मापदण्ड निर्धारण र नियमन गर्न पूर्वाधार र क्षमता विकास गर्ने।<br>• पशु चिकित्सा सेवाको हाल संघ, प्रदेश र स्थानीय निकायबीच टुटेको चेन अफ कमाण्ड कायम गर्ने गराउने।<br>• मापदण्डहरू:<br>• क्लिनिकल भेटेरिनरी सेवा<br>• पशुपन्छी पालन व्यवस्थापन<br>• भेटेरिनरी प्रयोगशाला सञ्चालन<br>• असल पशु चिकित्सा अभ्यास<br>• पशु, पशुजन्य पद्धार्थ, पशु उत्पादन सामग्री तथा पशु चिकित्सा सेवाको भेटेरिनरी निन्त्रण र नियमन<br>• भेटेरिनरी शिक्षा<br>• पशु कल्याण<br>• भेटेरिनरी जनस्वास्थ्य<br>• नेपाली सेना, नेपाल प्रहरी, स्वास्थ्य सेवा विभाग, औषधि व्यवस्था विभाग, खाद्य तथा प्रविधि गुणस्तर नियमन विभाग लगायत विभिन्न सरकारी, गैह्र सरकारी र निजी क्षेत्रमा गुणस्तरीय पशु चिकित्सा सेवा सञ्चालनको ग्याप एनालाईसिस गर्न सहजीकरण गर्ने।<br>• भेटेरिनरी अनुसन्धान, फार्म, पशु ब्रिडिंग सेन्टर, पेट पसल, चिडियाखाना आदिको | • संघ, प्रदेश र स्थानीय निकायबीच टुटेको चेन अफ कमाण्ड कायम गरी निर्वाध रुपमा गुणस्तरीय पशु चिकित्सा सेवा सर्वसुलभ गराउन सहजीकरण गर्ने।<br>• गुणस्तरीय पशु चिकित्सा सेवाको मापदण्ड निर्धारण र नियमित अनुगमन तथा नियमन (निरीक्षण, परीक्षण, प्रमाणीकरण) गर्ने।<br>• WOAH-WTO का मापदण्ड अनुरूपको भरपर्दो गुणस्तरीय पशु चिकित्सा सेवा सञ्चालन गर्ने<br>• गुणस्तरीय भेटेरिनरी सेवाका मापदण्ड तर्जुमा गरी कार्यान्वयन र अनुगमन गर्न सहजीकरण गर्ने।<br>• नेपाली सेना लगायतका सरकारी, गैह्र सरकारी र निजी क्षेत्रका निकायहरू गुणस्तरीय पशु चिकित्सा सेवा प्रवाह गर्न सहजीकरण गर्ने। |

| रणनीतिहरू | तत्कालीन र रणनीति (५ वर्ष भित्र सम्पन्न गर्नु पर्ने) | दीर्घकालीन रणनीति (१० वर्ष भित्र सम्पन्न गर्नु पर्ने) |
|---|---|---|
| | मापदण्ड तर्जुमा गरी कार्यान्वयन गर्न सिफारिस गर्ने। | |
| (ख) वन्यजन्तुको क्षेत्रमा आवश्यक भेटेरिनरी सेवा विस्तार गर्ने | • वन्यजन्तुका सम्बन्धित निकायहरूसँग समन्वय गरी गुणस्तरीय भेटेरिनरी सेवा सञ्चालन र नियमन गर्न सहजीकरण गर्ने। | • वन्यजन्तु क्षेत्रको पशु चिकित्सा सेवा सुदृढीकरण र नियमन हुने। |
| **(१०) पशु चिकित्सा अनुसन्धान व्यवस्थापन** | | |
| (क) पशु चिकित्सा अनुसन्धानको नियमन र व्यवस्थापन गर्ने | • पशुको प्रयोग गरी गरिने अनुसन्धानमा पशु कल्याण सुनिस्चत हुने गरी परिषद्‌बाट इथिकल एप्रुभल लिने व्यवस्थालाई कार्यान्वयन गर्दै क्षत्र विश्तार गर्ने।<br>• भेटेरिनरी शिक्षण संस्थामा हुने अनुसन्धानको तत्काल इथिकल एप्रुभल दिने र नियमन गर्ने।<br>• पशु चिकित्सा अनुसन्धानको नियमन गर्न कानूनी, प्राविधिक र संस्थागत क्षमता विकास गर्ने। | • अनुसन्धानमा प्रयोग हुने पशुहरूमा पशु कल्याणको सूनिश्चितता गर्न व्यवस्थापन र नियमन गर्ने। |
| (ख) सरोकारवालाहरूसँग समन्वय गर्ने। | • पशु चिकित्सा अनुसन्धान, शिक्षण संस्था तथा प्रसार निकायबीच समन्वय र सहकार्य गर्न कार्यविधि तर्जुमा गर्ने। | • सरोकारवालाहरूसँगको समन्वय र सहकार्यलाई निरन्तरता दिने। |
| **(११) विविध** | | |
| १. परिषद्‌ले सरोकारवालासँग समन्वय र सहकार्य | • परिषद्‌ले गुणस्तरीय पशु चिकित्सा शिक्षा एवं सेवाको सुनिश्चितताको लागि र परामर्शहरूको प्रभावकारी कार्यान्वयन गर्न गराउन समेतको लागि उपयुक्त कार्यविधि तर्जुमा गरी मन्त्रालय र सम्बन्धित सरोकारवालासँग निरन्तर समन्वय, सहकार्य, पहल र पैरवी गर्ने। | • परिषद्‌ले गुणस्तरीय पशु चिकित्सा सेवा तथा भेटेरिनरी शिक्षाको गुणस्तरको सुनिश्चितता गर्ने। |
| २. परिषद्‌को मूल्य मान्यता उद्देश्य र एक स्वास्थ्यको अबधारणा अनुरुप परिचालित हुने। | • परिषद्‌को आफ्नो उद्देश्य पुरा गर्न गरिने कार्य पशु चिकित्साको विश्वव्यापी मूल्य, मान्यता, क्षेत्राधिकार र एक स्वास्थ्यकोक अवधारणा अनुरुप गर्न गराउन निरन्तर पहल गर्ने। | • परिषद्‌को विश्वव्यापी मूल्य, मान्यता, उद्देश्य, क्षेत्राधिकार र एक स्वास्थ्यको अवधारणा अनुरुपको स्वायत्त भेटेरिनरी नियमनकारी निकायको रुपमा स्थापित हुने। |

## अनुसूचीहरू

### अनुसूची १ः परिषद्को काम, कर्तव्य र अधिकारको कार्यान्वयन स्थिति तथा प्रमुख समस्या

नेपाल राज्यमा पशु चिकित्सा व्यवसायलाई प्रभावकारी बनाई व्यवस्थित गराउन तथा पशु चिकित्सकहरूको योग्यता अनुसार नाम दर्ता समेतको व्यवस्था गर्नको लागि नेपाल पशु चिकित्सा परिषद्को स्थापना भएको हो। नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५ को दफा ९ मा यस परिषद्का काम, कर्तव्य र अधिकारको व्यवस्था गरिएको छ जसको कार्यान्वयन स्थितिलाई निम्न तालिकामा समिक्षा गरिएको छ।

**तालिका १**ः नेपाल पशु चिकित्सा परिषद्का काम, कर्तव्य र अधिकारको कार्यान्वयन स्थितिको समिक्षा

| क्र.सं. | नेपाल पशु चिकित्सा परिषद्को काम, कर्तव्य र अधिकार | नेपाल पशु चिकित्सा परिषद्को काम, कर्तव्य र अधिकारको कार्यान्वयनको बर्तमान अवस्था | नेपाल पशु चिकित्सा परिषद्का प्रमुख समस्याहरू |
|---|---|---|---|
| १ | पशु चिकित्सा व्यवसाय सुचारु रुपबाट सञ्चालन गर्नको लागि आवश्यक नीति, योजना तथा कार्यक्रमहरू तयार गरी त्यसको कार्यान्वयन गर्ने। | १. पशु चिकित्सा व्यवसाय सुचारु रुपबाट सञ्चालन गर्नको लागि नेपाल सरकारबाट उपलब्ध आर्थिक स्रोत र आफ्नै आन्तरिक स्रोत, साधन र जनशक्तिको आधारमा सीमित नीति, योजना तथा कार्यक्रमहरू तयार गरी त्यसको कार्यान्वयन गर्ने गरेको छ।<br>२. पशु चिकित्सा व्यवसाय सुचारु रुपबाट सञ्चालन भए नभएको बारेमा पर्याप्त अध्ययन, अनुसन्धान र विश्लेषण हुन सकेको छैन।<br>३. नेपाल सरकारको सीमित साधन र स्रोतमा निर्भर रहनु परेकोले परिषद्को लक्ष्य अनुसार नीति, योजना तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन हुन सकेको छैन। | १. अपर्याप्त साधन, श्रोत र प्रशासनिक तथा कानूनी प्रावधान<br>२. पशु चिकित्सा व्यवसायको स्थलगत ग्याप ऐनालाईसिस हुन नसकेको<br>३. परिषद्को काम, कर्तव्य र अधिकार पुनरावलोकन र ऐन कानून संशोधन गर्नु पर्ने।<br>४. दर्तावाल पशु चिकित्सकका काम, कर्तव्य र अधिकार ऐनमा स्पष्ट पार्नु पर्ने।<br>५. गुणस्तरीय पशु चिकित्सा सेवाको परिभाषा, मूल्य र मान्यता कानूनमा स्पष्ट पार्नु पर्ने। |
| २ | पशु स्वास्थ्य सेवा र तत्सम्बन्धी प्रणालीलाई सुव्यवस्थित, स्तरीय, मर्यादापूर्ण र प्रभावकारी बनाउन आवश्यक नीति, कार्ययोजना तथा कार्यक्रमहरू | १ परिषद्ले समय समयमा पशु स्वास्थ्य सेवा र तत्सम्बन्धी प्रणालीलाई सुव्यवस्थित, स्तरीय, मर्यादापूर्ण र प्रभावकारी बनाउन समय समयमा नेपाल सरकारलाई आवश्यक सुझाव दिने गरेको छ। | १. परामर्श, सुझाव दिने र दिइएका सुझाव कार्यान्वयन गर्ने पद्दति नभएको<br>२. अध्ययन अनुसन्धान अपर्याप्त |

| क्र.सं. | नेपाल पशु चिकित्सा परिषद्को काम, कर्तव्य र अधिकार | नेपाल पशु चिकित्सा परिषद्को काम, कर्तव्य र अधिकारको कार्यान्वयनको बर्तमान अवस्था | नेपाल पशु चिकित्सा परिषद्का प्रमुख समस्याहरू |
|---|---|---|---|
| | तर्जुमा गरी कार्यान्वयनको लागि नेपाल सरकार समक्ष पेश गर्ने। | २. पशु स्वास्थ्य सेवा र तत्सम्बन्धी प्रणाली सुव्यवस्थित, स्तरीय, मर्यादापूर्ण र प्रभावकारी भए नभएको बारेमा पर्याप्त अध्ययन नभएको।<br>३. परिषद्ले उपलब्ध गराएका अधिकांश सुझावहरूको प्रभावकारी कार्यान्वयन गर्न गराउन नेपाल सरकारका विभिन्न निकायहरू र विशेषगरी कृषि तथा पशु पन्छी विकास मन्त्रालयका प्राथमिकतामा नपर्ने र उदासिन रहने गरेको। | ३. सरकारी सेवामा योग्यता अनुसार सेवा दिने व्यवस्था नभएको<br>४. कृषि सेवा गठन तथा सञ्चालन नियमावली, २०५० अनुसार योग्यता नपुगेको व्यक्तिलाई बढुवा गरेर पशु चिकित्सकको जिम्मेवारी दिने गरेको।<br>५. भेटेरिनरी सेवाको चेन अफ कमाण्ड टुटेको<br>६. सीमित विशेषज्ञ पशु चिकित्सा सेवा विस्तार<br>७. पशु चिकित्सा गुणस्तर अपेक्षाकृत रुपमा नियमन हुन नसकेको। |
| ३ | पशु औषधि, जैविक पद्धार्थ, पशुको दाना, चल्ला तथा पशु उत्पादन सामग्रीलाई गुणस्तरयुक्त बनाउन आवश्यक पर्ने मापदण्ड तयार गर्न नेपाल सरकारलाई सुझाव दिने। | १. परिषद्ले पशु औषधि, जैविक पद्धार्थ, पशुको दाना, चल्ला तथा पशु उत्पादन सामग्रीलाई गुणस्तरयुक्त बनाउन आवश्यक पर्ने मापदण्ड तयार गरी नेपाल सरकारलाई सुझाव दिने गरेको।<br>२. पशु औषधि, जैविक पद्धार्थ, पशुको दाना, चल्ला तथा पशु उत्पादन सामग्रीको गुणस्तरको बारेमा गुनासाहरू देखिने गरेको भएतापनि वास्तविक स्थितिको अध्ययन नगरिएको।<br>३. पशुपन्छी तथा मत्स्यजन्य उत्पादन र उत्पादन सामग्रीको विश्व व्यापार सँगठनको मापदण्डसँग मेल खानेगरी मापदण्ड तर्जुमा नभएका। | १. परिषद्ले दिएका सुझाव कार्यान्वयन गर्न नेपाल सरकार उदासिन हुने गरेको।<br>२. फिल्डमा अध्ययन अनुसन्धान नभएको।<br>३. मौजुदा मापदण्ड समय सापेक्ष नभएकोले प्रभावकारी कार्यान्वयन हुन नसकेको।<br>४. पशु, पशुजन्य पद्धार्थ तथा पशु उत्पादन सामग्रीको गुणस्तर नियमन गर्न उपयुक्त मापदण्ड नभएको र भएका मापदण्डहरू पनि प्रभावकारी कार्यान्वयन हुन नसकेको। |

| क्र.सं. | नेपाल पशु चिकित्सा परिषद्को काम, कर्तव्य र अधिकार | नेपाल पशु चिकित्सा परिषद्को काम, कर्तव्य र अधिकारको कार्यान्वयनको बर्तमान अवस्था | नेपाल पशु चिकित्सा परिषद्का प्रमुख समस्याहरू |
|---|---|---|---|
| | | ४. नेपाल सरकारले पशु, पशुजन्य पद्धार्थ तथा पशु उत्पादन सामग्रीको गुणस्तरका कायम गर्न सीमित कानूनहरूको तर्जुमा गरेको भएपनि ती कानूनहरू विश्व व्यापार सँगठनको महासन्धि र विश्व पशु स्वास्थ्य सँगठनको मार्गदर्शन अनुसार अध्यावधिक हुन आवश्यक देखिएको।<br>५. पशु, पशुजन्य पद्धार्थ तथा पशु उत्पादन सामग्रीको गुणस्तर कायम गर्न तर्जुमा गरिएको पशु बधशाला तथा मासु जाँच ऐन निस्कृय रहेको र पशु ढुवानी मापदण्ड, २०६४ लगायतका अन्य मापदण्डहरूको पनि प्रभावकारी कार्यान्वयन हुन नसकेको। | ५. योग्यता पुगेको व्यक्ति र पशु सेवा विभागबाट दाना तथा भेटेरिनरी औषधिको गुणस्तर निर्धारण र नियमन हुन कानूनी व्यवधान रहेको।<br>६. पशु, पशुजन्य पद्धार्थ तथा पशु उत्पादन सामग्रीको गुणस्तर कायम गर्न मापदण्ड तर्जुमा गर्नमा परिषद्को भूमिका स्पष्ट हुने गरी समन्वय, सहकार्य वा अन्य कुनै आधिकारिक प्रणालीको व्यवस्था नभएकोले चाहेर पनि योगदान गर्न वा सहजीकरण गर्न नसकिएको। |
| ४ | पशु चिकित्सकहरूको योग्यता निर्धारण गर्ने र त्यसरी निर्धारित योग्यता पुरा गरेका पशु चिकित्सकहरूको नाम दर्ता गरी अध्यावधिक अभिलेख राख्ने। | १. पशु चिकित्सकहरूको योग्यता निर्धारण गर्न नाम दर्ता परीक्षाको व्यवस्था गरिएको छ।<br>२. योग्यता पुगेका पशु चिकित्सकलाई विधिवत रुपमा दर्ता गरी अभिलेख राख्ने गरिएको छ। | १. नाम दर्ता परीक्षा सम्बन्धी ऐनमा व्यवस्था गर्ने।<br>२. पशु चिकित्सा तथा पशु पालन स्नातक तहको अध्ययन गर्नको लागि निर्धारित न्यूनतम योेग्यता पुनरावलोकन र्गन आवश्यक देखिएको । |
| ५ | दर्तावाल पशु चिकित्सकहरूले पालन गर्नु पर्ने आचारसंहिता तयार गरी लागू गर्ने। | १ दर्तावाल पशु चिकित्सकहरूले पालन गर्नु पर्ने आचारसंहिता तयार गरी लागू गरिएको र उल्लंघन गरेमा कारवाही गर्ने गरेको छ। | १. ऐन, नियम संशोधन नभएको<br>२. दर्तावाल पशु चिकित्सकको क्षमता विकासको लागि निरन्तर |

| क्र.सं. | नेपाल पशु चिकित्सा परिषद्को काम, कर्तव्य र अधिकार | नेपाल पशु चिकित्सा परिषद्को काम, कर्तव्य र अधिकारको कार्यान्वयनको बर्तमान अवस्था | नेपाल पशु चिकित्सा परिषद्का प्रमुख समस्याहरू |
|---|---|---|---|
| | | २. दर्तावाल पशु चिकित्सकहरूले पशु ढुवानी मापदण्ड, २०६४ बमोजिमको भेटेरिनरी प्रमाणपत्र जारी गर्ने सम्बन्धमा बारम्बार गुनासो देखिने र पशु चिकित्सा व्यवसायको मर्यादामा आँच आउने गरेको छ। | शिक्षा प्रयाप्त बजेट अभावका कारण प्रभावकारी नभएको।<br>३. आचार संहिता उल्लंघन भएमा अनुसन्धान प्रक्रियाको जटिलता, कमजोर दण्ड सजाय, मुद्दा तहकिकात र मुद्दा हेर्ने अधिकारीको बारेमा प्रष्ट कानुन नहुनु। |
| ६ | पशु चिकित्सा शिक्षा दिने शिक्षण संस्था र त्यस्ता संस्थाहरूले प्रदान गरेका प्रमाणपत्र तथा उपाधिहरूलाई तोकिए बमोजिम मान्यता दिने। | १. नेपालमा भेटेरिनरी स्नातक तहको शैक्षिक कार्यक्रम सञ्चालन गर्ने सबै शिक्षण संस्थाहरू परिषद्बाट निर्धारित न्यूनतम मापदण्ड पुरा गर्ने क्रममा रहेकोले सशर्त अस्थायी मान्यता प्राप्त गरी कार्यक्रम सञ्चालन गरिरहेका छन्।<br>२. पशु चिकित्सा स्नातक तहको अध्ययन अवधि, सो विधामा भर्ना हुन आवश्यक पर्ने न्यूनतम योग्यता, पाठ्यक्रम समेतका विषयमा नेपाल पशु चिकित्सा परिषद् नियमावली, २०५७ र पशु चिकित्सा तथा पशु पशु पालन स्नातक तह उपाधि सम्बन्धी न्यूनतम मापदण्ड नियमावली, २०६३ र मापदण्डहरू कार्यान्वयनमा छन्।<br>३. परिषद्ले पशु चिकित्सा स्नातक तहको पाठ्यक्रम समेतका न्यूनतम मापदण्ड तर्जुमा गरी लागू गरेको छ। | १. नियमावलीहरू विद्यार्थीको न्यूनतम योग्यता, क्रेडिट आवर्स लगायतका विषयमा एक आपसमा बाझिएको।<br>२. भेटेरिनरी शिक्षण संस्थाहरूमा मापदण्ड नपुगेको शैक्षिक कार्यक्रम सञ्चालन भइरहेको ।<br>३. मापदण्ड पुनरावलोकन<br>४. विशेषज्ञ जनशक्तिको कमी जस्तै एनाटोमि, फिजियोलोजी, वायोक्यामिस्ट्री, फर्माकोलोजी, सर्जरी, इत्यादी।<br>५. पशु चिकित्सा तथा पशु पालन स्नातक तहको पाठ्यक्रम, जनशक्ति, प्रयोगशाला, पशुपन्छी शिक्षण फार्म, भेटेरिनरी शिक्षण अस्पताल लगायतका |

| क्र.सं. | नेपाल पशु चिकित्सा परिषद्को काम, कर्तव्य र अधिकार | नेपाल पशु चिकित्सा परिषद्को काम, कर्तव्य र अधिकारको कार्यान्वयनको बर्तमान अवस्था | नेपाल पशु चिकित्सा परिषद्का प्रमुख समस्याहरू |
|---|---|---|---|
| | | | न्यूनतम मापदण्डहरू अध्यावधिक नगरिएका ।<br>३. विश्वविद्यालय र परिषद्का पाठ्यक्रम तथा न्यूनतम मापदण्डहरू बाझिएका छन्। |
| ७ | पशु चिकित्सा र पशु स्वास्थ्यसँग सम्बन्धित विषयमा नेपाल सरकारलाई आवश्यक परामर्श दिने। | १.परिषद्ले पशु चिकित्सा र पशु स्वास्थ्यसँग सम्बन्धित पन्छीहरूमा लाग्ने बर्ड फ्लु रोगको खोप, गुणस्तरीय भेटेरिनरी सेवा लगायतका विषयमा नेपाल सरकारलाई समय समयमा परामर्श दिने गरेको छ। | १. दिइएका सुझावलाई गम्भीर रुपमा नलिने र प्रभावकारी कार्यान्वयन नहुने। |
| ८ | पशु औषधिको खोज वा आविष्कार गर्ने कार्यमा प्रयत्नशिल रहने। | १. नेपाल सरकारको अन्य निकायहरूले गर्ने र अन्तराष्ट्रिय अभ्यास हेर्दा पनि परिषद्को क्षेत्राधिकार भित्र नपर्ने भएकाले ऐनमा यो व्यवस्था संशोधन गर्नु पर्ने।<br>२. विनियमावलीको व्यवस्था गरी सीमित दायरामा पशु चिकित्सा अनुसन्धान नियमन गर्ने गरेको। | १. पशु औषधिको खोज वा आविष्कार गर्ने कार्य परिषद्को क्षेत्राधिकार बाहिरको कार्य पनि समेटिएकोले ऐन संशोधन गर्नु पर्ने।<br>२. पशु चिकित्सा अनुसन्धान नियमन गर्न ऐनमा पर्याप्त व्यवस्था नभएको। |
| ९ | अन्तर्राष्ट्रिय क्षेत्रमा हाँसिल गरिएका पशु चिकित्सासँग सम्बन्धित अनुसन्धान वा अनुभवहरूको आदान प्रदान गरी नेपालको लागि उपयुक्त हुने कुराहरू लागू गर्न नेपाल सरकारलाई सुझाव पेश गर्ने | १. अन्तर्राष्ट्रिय स्तरका गोष्ठि, सेमिनारहरूमा परिषद्को ज्यादै न्यून सहभागिता हुने गरेको।<br>२. अन्तर परिषद् सञ्जाल निर्माण गर्न केही पहल गरिएको।<br>३. अन्तर्राष्ट्रिय सहकार्य र साझेदारीको लागि सामान्य पहल भएको। | १. मन्त्रालयले सहभागीको मनोनयन गर्दा परिषद्लाई उपेक्षा गरी परिषद्को कोटामा पनि असम्बन्धित व्यक्ति सहभागी गराउने गरेको।<br>२. अन्तर परिषद् सञ्जाल निर्माण गर्नमा परिषद्हरूको सक्रियतापर्याप्त नभएको |

| क्र.सं. | नेपाल पशु चिकित्सा परिषद्को काम, कर्तव्य र अधिकार | नेपाल पशु चिकित्सा परिषद्को काम, कर्तव्य र अधिकारको कार्यान्वयनको बर्तमान अवस्था | नेपाल पशु चिकित्सा परिषद्का प्रमुख समस्याहरू |
|---|---|---|---|
| | | | ३. अन्तर्राष्ट्रिय सहकार्य र साझेदारीको विकास गर्न नसकिएको। |
| १० | दर्तावाल पशु चिकित्सकले आचारसंहिताको पालन नगरेमा तोकिए बमोजिमको कार्यविधि पुरा गरी त्यस्तो पशु चिकित्सकको नाम परिषद्को नाम दर्ता किताबबाट हटाउने। | १. दर्तावाल पशु चिकित्सकले आचारसंहिताको पालन नगरेमा तोकिए बमोजिमको कार्यविधि पुरा गरी त्यस्तो पशु चिकित्सकको नाम परिषद्को नाम दर्ता किताबबाट हटाउने सम्बन्धमा व्यवस्था गरिएको नियमावली, २०६८ लागू गरिएको छ।<br>२. दर्तावाल पशु चिकित्सकले पालना गर्नु पर्ने आचार संहिता विनियमावली, २०५८ जारी कारवाही गर्ने गरिएकोछ। | १. ऐन, नियम तथा विनियम संशोधन हुन नसकेका।<br>२.आचारसंहिता पुनरावलोकन गर्नु पर्ने।<br>३. कसूरको अनुसन्धान तथा तहकिकात प्रक्रिया धेरै झन्झटिलो। |
| ११ | परिषद्को उद्देश्य प्राप्तिको लागि आवश्यक पर्ने अन्य कार्यहरू गर्ने। | १. परिषद्को उद्देश्य प्राप्तिको लागि आवश्यक पर्ने अन्य कार्यहरू गर्न परिषद् प्रतिबद्ध रहेको देखिन्छ। | १. जनशक्ति र स्रोत साधनको कमी<br>२. परिषद्को क्षमता विकास<br>३. परिषद्का सबै काम कारवाहीका डिजिटाइजेसन<br>४. परिषद्को सँगठनात्मक संरचना<br>५.परिषद्को उद्देश्य प्राप्तिको लागि आवश्यक पर्ने अन्य कार्यहरू गर्न परिषद् प्रतिबद्ध रहेको देखिन्छ। |

## अनुसूची २: परिषद्का रणनीतिक योजनाहरूको समिक्षा

**Table 1. 1st Five Year NVC Strategic Plan (2009-2013): Issues, Objectives and Achievement**

| S.N. | Issues | Objectives | Achievement |
|---|---|---|---|
| 1 | Compliance with international standards | 1. By 2010, NVC Act amended in compliance with international (OIE) standard and implemented | 1. Bill prepared but not amended |
| 2 | Improving operational efficiency | 1. Working procedure: Revised | Working procedure revised, |
| | | 2. Structure: Reorganized | Structure reorganized, |
| | | 3. Operational by-laws updated | By-law updating system exist |
| 4 | Reinforcement of regulatory function | 3.1 Minimum standards for veterinary degree course updated and executed. | 3.1 Minimum standard updated but partial compliance |
| | | 3.2 Standards for the technical institutions and training centers prepared. | 3.2 No standards for CTEVT prepared |
| | | 3.3 Legal contradictions and intricacies resolved. | 3.3 Legal contradictions and intricacies not resolved |
| 4 | Strengthening advisory function | 4.1 Advisory to government: mechanism developed | 4.1 Advisory function in place but not upto desired level |
| | | 4.2 Educate and aware society of major issues of veterinary service of public concern | 4.2 Limited media coverage |
| 5 | Professional development for quality veterinary services | 5.1: Continuing Education | 5.1 Irregular CE for limited number of vet/paravets in limited subject. |
| | | 5.2: Promotion and Certification of Good Veterinary Practices | 5.2 No GVP standard nor any practice certified |
| 6 | Enhancing resources | 6.1 Financial situation: Independent but increase government grant to Rs. 10 million | 6.1 NVC still dependent on GoN. |
| | | 6.2 Prepared a roster of about 200 experts | 6.2 GoN annual grant only 4 million |
| | | 6.3 NVCs own well furnished office building | 6.3 Only 15 specialist registered |
| | | 6.4 NVC will have acknowledged the value of time and have utilized it to the best. | 6.4 Office building and mobilization facility improved |

**Table: 2nd Four Year NVC Strategic Plan (2017-2020): Issues, Objectives and Achievement**

| S.N. | Issues | Objectives/Strategies | Achievement/Indicators |
|---|---|---|---|
| 1. | Compliance with international standards | 1. By 2015, NVC Act amended to meet international standards<br>2. By 2016, amended NVC Act will have been implemented. | 1. Faulty NVC Bill returned back from parliamentary committee |
| 2. | Improving operational efficiency | 2.1: By 2016, revised working procedure implemented | 2.1.1 Functional committees formed and authorized |
| | | 2.2: By 2016, NVC structure reorganized, and by-laws amended | 2.2.1 Annual work plan and calendar of operation and by-laws amended, structure reorganized |
| | | 2.3: By January 2015, NVC bylaws and procedures amended | 2.3 Updated bylaws and procedures |
| 3. | Reinforcement of regulatory function | 3.1: By the end of 2015, minimum standards for veterinary degree course updated and executed. | 3.1 Minimum standards amended and applied |
| | | 3.2: By 2016, Minimum standards for paraprofessionals, technical institutions and training centers prepared. | 3.2 None |
| | | 3.3 By the end of 2016, legal contradictions and intricacies will have resolved. | 3.3 Contradicting laws identified but not amended |
| | | 3.4: By the end of 2014, updated code of conduct for veterinarian | 3.4.1 Code of conduct revised.<br>3.4.2 Investigation system in place. |
| 4. | Strengthening advisory function | 4.1 BY 2015, advisory mechanism developed for efficient veterinary services. | 4.1.1 Advisory committee formed.<br>4.1.2 Advice delivered to concerned agencies. |
| | | 5.1 Educate and make the society aware of major issues of veterinary service of public concern. | 5.1.1 Limited press conferences, media briefing etc.<br>5.1.2 Limited public notice and publications |
| 5. | Professional development for quality veterinary services | 5.1 Continuing Education | 5.2 Limited trainings for few veterinarians |
| | | 5.2 Promotion and Certification of Good Veterinary Practices | 5.3 Proposed several times but not included in annual program |
| 6. | Enhancing resources | 6.1 By 2016, the financial situation of the council will be enhanced. The GoN will have provided around 10 million NPR annually. | 6.1 Gradually improving. |
| | | 6.2 By 2016, NVC will have had its own well furnished, fully equipped spacious office building and ample mobilization facilities. | 6.2 In process |
| | | 6.3 NVC will have acknowledged the value of time and have utilized it to the best. | 6.3 Trying best |

# सन्दर्भ सामग्री


- नेपालको सविधान, २०७२
- पन्ध्रौं योजना २०७६।७७ देखि २०८०।८१ राष्ट्रिय योजना आयोग
- नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५
- नेपाल पशु चिकित्सा परिषद् नियमावली, २०५७
- नेपाल पशु चिकित्सा परिषद् पशु चिकित्सा तथा पशु पालन स्नातक तह उपाधि सम्बन्धी न्यूनतम मापदण्ड नियमावली, २०६३
- नेपाल पशु चिकित्सा परिषद् कसूरको अनुसन्धान तथा तहकिकात सम्बन्धी नियमावली, २०६३
- नेपाल पशु चिकित्सा परिषद्का रणनैतिक योजनाहरू


## नेपाल पशु चिकित्सा परिषद्का वार्षिक प्रतिवेदनहरू


- दीर्घकालीन कृषि विकास रणानीति
- विश्व पशु स्वास्थ्य सँगठनको मार्गदर्शन २०७९
- नेपाल निजामती सेवा ऐन र नियमावली
- नेपाल कृषि सेवा गठन तथा सञ्चालन सम्बन्धी नियमावली, २०६१
- कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट प्रकाशित पशु चिकित्सासँग सम्बन्धित नीतिहरू